

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३१६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर २९ गते बिहीबार ❑ 15 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## चार हजार बढी उम्मेदवारको धरौटी रकम जफत

रासस
काठमाडौं, २८ मंसिर

हालै सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा चार हजार दुई सय ८५ जना (७६.०४ प्रतिशत) उम्मेदवारको धरौटी रकम जफत भएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको १० प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था छ।

सो प्रावधानबमोजिम प्रतिनिधिसभातर्फ एक हजार नौ सय ६१ जना तथा प्रदेशसभातर्फ दुई हजार तीन सय २४ जना गरी चार हजार दुई सय ८५ उम्मेदवारको धरौटी रकम जफत भएको निर्वाचन आयोगले जनाएको छ। आयोगले समानुपातिक निर्वाचनको परिणाम घोषणा गरेसँगै यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको अन्तिम नतिजा बुधबार सार्वजनिक गरेको हो। यसैगरी, समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा कुनै राजनीतिक दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने व्यवस्था छ। सो प्रावधानबमोजिम प्रतिनिधिसभातर्फ बन्दसूची पेश गर्ने ४७ दलमध्ये ४० दल र प्रदेशसभातर्फ प्रदेश नं १ मा ३०, मधेश प्रदेशमा २६, बागमती प्रदेशमा ३३, गण्डकीमा २४, लुम्बिनी प्रदेशमा २२, कर्णाली प्रदेशमा २२ र सुदूरपश्चिम प्रदेशमा २८ वटा दलको धरौटी जफत भएको आयोगले जनाएको छ । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५२ मा प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको मान्यता प्राप्त गर्ने व्यवस्थाबमोजिम यस निर्वाचनबाट सात राजनीतिक दलले राष्ट्रिय दलको मान्यता प्राप्त गरेका छन् । प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० मा प्रदेशसभामा समानुपातिक निर्वाचन प्रणालीतर्फको कुल सदर मतको एक दशमलव पाँच प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने दलको तर्फबाट मात्र उम्मेदवार निर्वाचित हुने व्यवस्था छ । सो व्यवस्थाअनुसार प्रदेश नं १ मा छ, मधेश प्रदेशमा १०, बागमती प्रदेशमा सात, गण्डकी प्रदेशमा सात, लुम्बिनी प्रदेशमा १०, कर्णाली प्रदेशमा छ र सुदूरपश्चिम प्रदेशमा छ राजनीतिक दलको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्रदेशसभामा प्रतिनिधित्व भएको छ।

आयोगले प्रतिवेदनअनुसार प्रतिनिधिसभातर्फ दुई सय ७५ र प्रदेशसभातर्फ पाँच सय ५० जना गरी कूल आठ सय २५ जना निर्वाचित हुनुभएको छ । त्यस्तै प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ का लागि महिला ८८ लाख ४७ हजार पाँच सय ७९, पुरुष ९१ लाख ४० हजार आठ सय छ र अन्य एक सय ८५ गरी कूल एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदाता कायम रहेका थिए । अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिहरूमध्येबाट मतदाता नामावली ऐन, २०७३ को दफा ३० बमोजिम तयार गरिएको अस्थायी मतदाता नामावलीमा चार लाख ५० हजार मतदाता रहेका थिए । देशभरिका सम्पूर्ण मतदाताको सहजतालाई मध्यनजर गरी यस निर्वाचनमा १० हजार आठ सय ९२ मतदान स्थलका २२ हजार दुई सय २७ मतदान केन्द्रबाट मतदान गर्ने व्यवस्था मिलाइएको थियो । त्यसैगरी अस्थायी मतदाताहरूलाई प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गर्ने व्यवस्था अनुरुप एक सय ४१ अस्थायी मतदान स्थलको समेत व्यवस्था गरिएको प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले जानकारी दिनुभयो।

## नयाँ अभियान सुरु गर्न सकेनौं भने देशमा निकै अप्ठ्यारो हुन सक्छ: पूर्व प्रधानमन्त्री प्रचण्ड

पोखरापत्र संवाददाता
पोखरा, २८ मंसिर

गणतन्त्र नेपालका प्रथम प्रधानमन्त्री एवं माओबादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले देशमा अब नयाँ अभियान सुरु गर्न नसके निकै अप्ठ्यारो हुन सक्ने बताएका छन् । कास्कीको अन्नपूर्ण गाउँपालिका नागडाँडामा रहेको महेन्द्र आधारभूत विद्यालयको हीरक जयन्ती महोत्सवको बुधबार समापन गर्दै अध्यक्ष प्रचण्डले उक्त कुरा बताएका हुन्।



उनले भने "अब हामीले गम्भिर समिक्षा सहित आउदो दिनमा सुशासनको दृष्टिकोणले पनि विकास र समृद्धिको दृष्टिकोणले पनि नयाँ अभियान सुरु गर्न सकेनौं भने आउदो दीनमा देशमा निकै अप्ठ्यारो हुन सक्छ ।" नेपालको संविधान अनुसार मधेश, तराई र पहाडमा यो निर्वाचनमा केही नयाँ दलहरु जन्मेको हुनाले यसलाई सकरात्मक रुपमा नै लिनुपर्ने उनको भनाई छ। नेपाल र नेपाली जनताको सेवामा अझ राम्रोसंग सर्मपित हुने गरी लाग्ने प्रतिवद्धता व्यक्त गर्दै अध्यक्ष प्रचण्डले सबै राजनीतिक दलहरु अहिलेको परिस्थितीलाई कसरी ग्रहण गर्ने बिषयमा गहन रुपमा छलफल र समिक्षा गर्नुपर्ने बताए।

आफ्नो बाँकी जीवन शुसासन र विकासको निम्ति विताउने बताउदै प्रचण्डले यस पटकको निर्वाचनमा जनताले प्रमुख राजनीतिक दलका नेताहरुलाई केही चुनौती र अवसर दिएको उल्लेख गरे। सबै दलहरुले समिक्षा गरी आर्थिक विकास र समृद्धि गर्ने अभियानमा लाग्नुको विकल्प नभएको अध्यक्ष प्रचण्डको भनाई थियो । ठुला नेताहरुले भाषण गरेर मात्र नभई यो पटक नयाँ आर्थिक समृद्धिको क्रान्तिको थालनी गर्नुपर्ने उनले बताए। आफुलाई देशको नेतृत्व गर्ने अवसर प्राप्त भएमा पहिलो प्रथामिकता भ्रष्टचार नियन्त्रण गर्न तर्फ केन्द्रित हुने अध्यक्ष प्रचण्डको भनाई थियो। नेपालमा धेरै कुराको सम्भावना भएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले नेपालमा भएको श्रोत साधनलाई व्यापक रुपमा प्रयोग गर्नुपर्नेमा जोड दिए। नेपालबाट केही बर्षमै अरबौ बिद्युत बिक्री गर्न सक्ने उनको दाबी गरे । पिच बाटोले गति बढ्ने जसले विकासले गति लिने दाबी गर्दै पूर्व प्रधानमन्त्री प्रचण्डले धुलाम्मे सडकमा आवश्यकताको आधारमा पिच बनाउनु पर्नेमा जोड दिए।

आफु जन्मेको ठाँउमा आउदा स्थानियको आतिथ्यताले आफु निकै गौरीवान्दित हुने गरेको उनले जनाए । अब देशको नेतृत्व तहमा आफु पुगेमा कास्की र अन्नपुर्ण क्षेत्रमा ऐतिहासिक रुपमा देखिने गरी विकास निर्माण गर्ने अध्यक्ष प्रचण्डले वचन दिएका छन् । प्रचण्ड २०६९ बर्षको उमेरमा उक्त बिद्यालयको ६३ बार्षिकोत्सवको हीरक जयन्ती समारोहमा समावेस भएका हुन्। ८ बर्षको उमेरमा उनी चितवन पुगेका हुन् ।

अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष बिष्णु केसीले अन्नपूर्ण सहित नेपालको विकास र समृद्धिको प्रचण्ड पुनः प्रधानमन्त्री बन्नुपर्ने बताए । प्रचण्ड जन्मेको क्षेत्रमा हाल धुलाम्मे सडक भएकोले यहाँको विकासको लागि प्रचण्डको सहयोग आवश्यक भएको बताए। अन्नपूर्ण गाउँपालिका संस्थापक अध्यक्ष युवराज कुवंरले अन्नपूर्ण गाउँपालिकाको मुहार फेर्न ५ अर्ब ५० करोड रुपैयाको बजेट आवश्यक भएको बताए।

विद्यालयका संस्थापक अनन्त सुवेदी, जग्गा दाता तथा आर्थिक सहयोग गर्नेहरुलाई सम्मान गरिएको थियो । विद्यालयका अध्यक्ष नरपति दाहालको अध्यक्षतामा उक्त महोत्सव बुधबार सम्पन्न भएको बिदालयका प्रध्यानाध्यापक ढकराज सुवेदीले बताए।

## न्यायालयका समस्या क्रमश: समाधानउन्मुख : कामु प्रधान न्यायाधीश

पोखरापत्र संवाददाता
बागलुङ, २८ मंसिर

सर्वोच्च अदालतका कायममुकायम प्रधान न्यायाधीश हरिकृष्ण कार्कीले न्यायसम्पादनमा देखिएका समस्या क्रमशः समाधान उन्मुख भएको बताउनुभएको छ।

उहाँले सामूहिक प्रयासमा न्याय सम्पादनलाई प्रभावकारी बनाउँदै पाँच वर्ष नाघेका मुद्दालाई छुट्टै व्यवस्थापन गरी फछ्र्यौट गर्न थालिएको बताउनुभयो।

बुधबार उच्च अदालत पोखरा बागलुङ इजलाश भवनको यहाँ आयोजित शिलान्याश कार्यक्रममा उहाँले सर्वोच्च अदालतले गोलाप्रथाद्वारा न्याय सम्पादन गर्ने, पाँच वर्ष नाघेका मुद्दाको छुट्टै व्यवस्थापन गर्ने र न्यायालयमा विचलन आउन नदिन न्यायालय सुधारका धेरै योजना अहिले कार्यान्वयनको चरणमा रहेको बताउनुभयो। "न्यायालयमा केही समस्या नभएका होइनन् छन्, त्यसलाई विस्तारै सुधार गर्न लागिएको छ, अहिले गोला प्रथाद्वारा न्याय सम्पादन भइरहेको छ, पाँच वर्ष बढीका मुद्दालाई तीव्र रूपमा फछ्र्यौट गर्ने कार्य भइरहेको छ",कार्कीले भन्नुभयो "अल्पकालीन अन्तरिम आदेश लिएर लामो समय अल्झाउने कार्यलाई अहिले एक हप्ताभित्रै ल्याएका छौं, सामूहिक प्रयासमा मात्रै न्याय सम्पादन सहज बनाउन सकिन्छ ।" उहाँले अदालतका पूर्वाधार गुणस्तरीय हुनुपर्नेमा जोड दिनुभयो। विसं २०७२ को भूकम्पले क्षति पुगेको भवन सात वर्षपछि पुनःनिर्माण थालिएको हो । ३० महिनाभित्र अदालतको मुख्य भवन तथा आवास निर्माण सक्नेगरी रु ५७ करोड४२ लाखमा श्यामसुन्दर पशुपति जेभी काठमाडौँले ठेक्कामार्फत काम सुरु गरेको छ ।अहिले उच्च अदालतको पुरानो भवन भत्काउने कार्यले तीव्रता पाएको छ।

अदालतको भवन प्रविधि, अपाङ्गता, भूकम्प प्रतिरोधि बागलुङ बजारमा निर्माण भइरहेका अन्य भवन भन्दा ठूलो र आधुनिक भएको भवन निर्माणको प्राविधिक सहयोगी सघन सहरी तथा भवन निर्माण कार्यालय बागलुङका प्रमुख सुनिता श्रेष्ठले जानकारी दिनुभयो।

## २१ बुँदे घोषणापत्र जारी गर्दै मानवअधिकार महाभेला सम्पन्न

रासस
काठमाडौं, २८ मंसिर

मानवअधिकारको संरक्षण र संवर्द्धन गर्नुपर्नेलगायत २१ बुँदे घोषणापत्र जारी गर्दै १४औँ राष्ट्रिय मानवअधिकार महाभेला, २०७९ सम्पन्न भएको छ।

घोषणापत्रमा संविधानमा उल्लेखित मानवअधिकार आयोगहरूबीच समन्वय तथा सहकार्यको सुनिश्चिता गर्दै आयोगका गठन प्रक्रिया तथा सञ्चालनमा पेरिस सिद्धान्तको अक्षरस पालना गर्नुपर्ने रहेको छ।

नागरिकता प्राप्तिमा लिएको आधारमा गरिने विभेदको अन्त्य गर्दै प्रत्येक नेपाली नागरिकले नागरिकता प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्ने, तीनै तहका सरकारबीच समन्वय तथा सहकार्य बढाउँदै सङ्घीय व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्वक कानुन, पर्याप्त स्रोत, साधनको सुनिश्चितता गर्नुपर्ने रहेको छ। नेपाल पक्ष राष्ट्र भएका मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८ तथा सम्पूर्ण मानवअधिकार तथा मानवीय कानुनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, आलेख, अभिसन्धि, सम्झौतालगायत सबै प्रकारका प्रतिबद्धताहरूको घरेलुकरण गर्नुपर्ने मागसमेत गरिएको छ।

मानवअधिकार आयोगले मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका सम्बन्धमा कार्यान्वयन गर्नका लागि सरकारलाई सिफारिस गरिएका सुझावहरूको अवलम्बन कार्यान्वयन गर्नुपर्ने, संविधानमा उल्लेखित सम्पूर्ण मौलिक हक तथा अधिकारको कार्यान्वयनका लागि आवश्यक कानुन संयन्त्र बनाउनुपर्ने माग छ। सङ्क्रमणकालीन न्यायको व्यवस्थापनका लागि पीडितमैत्री कानुन तथा आयोगहरूको निर्माण गर्दै सशस्त्र द्वन्द्वको कारणबाट भएका पीडितलाई न्याय र परिपूरण र गम्भीर मानवअधिकार उल्लङ्घन तथा ज्यादतिको दोषीलाई कारबाही गरी समाजमा मेलमिलापको सुनिश्चिता गरियोस् साथै आगामी दिनमा मानवअधिकार उल्लङ्घन तथा ज्यादति नहुने सुनिश्चितताका लागि सुरक्षा संयन्त्रको संस्थागत सुधार गर्न माग गरिएको छ।

यही मङ्सिर २२ गतेदेखि प्रारम्भ भएको महाभेलाको नारा 'न्याय, समानता र मर्यादित रोजगार हामी सबैको सरोकार' भन्ने थियो। यस वर्ष पौरखी नेपालको संयोजकत्व एक सय ८० भन्दा बढी मानवअधिकारवादी संस्था महाभेलामा सहभागी थिए।


**सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।**

◆ मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
◆ आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
◆ क्षमताभन्दा बढी यात्रु र सामान नराखौं,
◆ अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं,
◆ नियमित रुपमा सवारीसाधनको परीक्षण तथा मर्मत संभार गर्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# वन श्रोतलाई समृद्धिको आधार बनाउनुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ मंसिर**

सामुदायिक वनको दिगो विकाससंगै मुलुकको समृद्धिको आधार बनाउनु पर्नेमा बुधबार पोखरामा आयोजित कार्यक्रमका वक्ताले जोड दिएका छन् ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालद्धारा आयोजित दिगो वनको निती व्यवस्थापनमा स्थानीय, उद्यम र विकास सम्वन्धी अन्तर सम्वाद कार्यक्रमकका बक्ताहरुले प्राकृति श्रोतलाई आयआर्जन र रोजगारसंग जोड्दै गरिबी न्यूनिकरणमा जुट्नु पर्नेमा जोड दिएका हुन । अप्ठेरो सरकारी नितीका कारण अमुल्य वन पैदावार उपयोग विहिन हुने र वर्षेनी विदेशी काठ आयातमा अरवौ रुपैया वाहिरिने अवस्थाको अन्त्य हुनु पर्नेमा जोड दिंदै बक्ताहरुले यसका लागि तीनै तहका सरकार र सामुदायिक वन समुह बीच सहकार्यको खाँचो औल्याए ।

वनको संरक्षण सम्वर्द्धन र उपयोग गर्दै आएका उपभोक्तालाई सर्वसुलभ तरिकाले वनपैदावारको प्रयोग र विक्री वितरणमा समेत सहज वातावरण तयार गरेर वनमा आधारित उद्योग स्थापना गर्नु पर्नेमा सहभागिले सामुहिक प्रतिवद्धता व्यक्त गरेका थिए । सामुदायिक वन उपभोक्ता महासंघ नेपालका महासचिव बिर्खबहादुर शाहीले सरकारीतर्फबाट संरक्षण गर्न नसकेपछि उपभोक्तालाई हस्तान्तरण गरिएका सामुदायिक वनहरुयतिखेरहराभराभएकोउल्लेख गर्दै अव यसलाई आयआर्जनको माध्येम बनाउनुको विकल्प नभएको बताउनुभयो । काठजन्य वस्तु, जडिवुटी, कार्वन व्यापार, इको टुरिजम, आर्थिक सामाजिक र वन्यजन्तु व्यवस्थापनमा आजको आवश्यकता रहेको उल्लेख गर्दै उहाँले त्यसका लागि सवैको साथ र सहयोगको खाँचो औल्याउनुभयो । कार्यक्रममा महासंघका सचिव ठाकुर भण्डारीले सँघीय वन नियमावलीले सामुदायिक वनको पैदावार उपयोग र उद्यम सञ्चालनमा अप्ठेरो परि स्थिति सिर्जना भएको बताउँदै प्राकृति श्रोतलाई समृद्धिसंग जोडन सर्वसुलव कानूनी व्यवस्था हुनुपर्ने आवश्यकता औल्याउनुभयो । कार्यक्रममा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका सदस्य सचिव डा. सिन्दु ढुंगानाले दिगो वन व्यवस्थापन र अन्तराष्ट्रिय वन विज्ञ डा. गंगाराम दाहालले वन र भूमि स्वामित्वका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालका पूर्व केन्द्रीय अध्यक्ष घनश्याम पाण्डे,महासंघ गण्डकी प्रदेश अध्यक्ष कालिदास सुवेदी लगायतले प्राकृतिक श्रोतको भण्डार वन श्रोतलाई भरपुर उपयोग गर्दै समाजका आदिवासी जनजाति तथा स्थानीय उपभोक्ताको जिविकोपार्जनको माध्येमकारुपमा विकास गरिनु पर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघका तीनै तहका पदाधिकारी तथा प्रतिनिधि, प्रदेश अन्तर्गत विभिन्न जिल्लाका डिभिजन बन कार्यालयका अधिकृत, आदिवासी जनजाति महासंघ लगायतको सहभागिता रहेको थियो ।

# ज्ञान गंगा स्कुलमा विद्यार्थी तथा अभिभावक अभिमुखीकरण कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ मंसिर**



ज्ञान गंगा स्कुल पोखरा-१४ चाउथेले बुधबार विद्यार्थी तथा अभिभावक अभिमुखीकरण कार्यक्रम गरेको छ । कार्यक्रमको लावन्य इन्टरनेशनल प्रा.लि. काठमाडौंका प्रोग्राम डाइरेक्टर तथा अंकुर पुस्तककी लेखिका पुजा शाह प्रमुख अतिथि रहनु भएको थियो ।

सो अवसरमा शाहले विद्यार्थी तथा अभिभावकलाई कम्पिलिट प्रि स्कुल (सिपिएस) को बारेमा प्रकाश पार्नु भएको थियो । उक्त प्रोग्राम बालबालिकाको लागि पूर्ण रुपमा व्यवहारिक शिक्षा भएको र जसमा उनीहरु स्वयम् सहभागी भएर उत्सुकताका साथ सिकाईमा लाग्ने बताउनुभयो । बालबालिका हरेक क्रियाकलापमा आफै सहभागी भएर कार्य गर्ने हुदाँ उनीहरु लगनशिल, इमान्दारिता, अनुशासित एवं जिज्ञासु हुने हुदाँ सिकाई प्रभावकारी हुनेमा उहाँले जोड दिनुभयो । कार्यक्रममा विद्यालयका प्राचार्य शिला थापाले विद्यालयले गुणात्मक शिक्षामा जोड दिदै आएको बताउनु भयो । विद्यालयले नयाँ नयाँ क्रियाकलापको आयोजना गरी विद्यार्थीलाई शिपमुलक ज्ञान दिने पनि बताउनु भयो ।

उक्त कार्यक्रममा विद्यार्थीहरुले सिकेका विभिन्न किसिममा आफ्ना प्रतिभाहरु देखाएका थिए । कार्यक्रममा विद्यालयको सिपिएस इन्चार्ज सुनिता आचार्यले विभिन्न समयमा बालबालिकाले गरेका क्रियाकलापको प्रोजेक्टरमार्फत अभिभावकलाई दृश्य देखाउनु भएको थियो ।

सो अवसरमा शिक्षिका मैनी महर्जन, नितु गुरुङ, कल्पना गुरुङ, मिनु आले, लक्ष्मी क्षेत्रीले विद्यार्थीहरुलाई क्रियाकलापमा सहजीकारण गर्नु भएको थियो । सो अवसरमा पोखराका सिपिएस ट्रेनर सम्भना रेग्मी र स्मृति गुरुङको पनि उपस्थिती रहेको थियो । स्कुलका प्राचार्य शिला थापाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सिपिएस इन्चार्ज सुनिता आचार्यले गर्नुभएको थियो ।

# क्यान्सर सम्बन्धी निशुल्क शिविरबाट वडा ५ मा ३०० बढी लाभान्वित

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ मंसिर**



पोखरा महानगरपालिका वडा नं. ५ को आयोजनामा भएको महिला लक्षित पाठेघरको मुख तथा स्तन क्यान्सर छनोट सम्वन्धी निशुल्क शिविरबाट ३ सय ७ जना महिलाहरु लाभाम्वित भएका छन् ।

वडा कार्यालयको खर्चमा बुधबार भएको कार्यक्रममा शहरी स्वास्थ्य केन्द्र वडा ५ ले सहजीकरण गरेको थियो । हरेक महिलाहरुको स्वास्थ्यमा वडाको ध्यान केन्द्रीत रहेको वडा ५ का वडाध्यक्ष विष्णुप्रसाद बरालले बताए । 'उपचारभन्दा पहिला आफ्नो स्वास्थ्यको बारेमा थाहा पाउन आवश्यक छ । रोग लाग्न भन्दा रोग लाग्न नदिनु नै हाम्रो उद्देश्य हो ।' वडावासीलाई स्वास्थ्य सचेतना गराउन वडाले कुनै कसर बाँकी नराख्ने उनको भनाई थियो । स्थानीय तह मार्फत यस्तो कार्यक्रम पोखरा महानगरमै पहिलो पटक भएको र वडा ५ बाटै शुरु गरिएको वडाध्यक्ष बरालले बताए। वडाकै बजेटबाट शिविर सञ्चालन भएको बरालले जानकारी दिए। निशुल्क स्वास्थ्य चेकजाँजबाट ३ जनाको भिआइए सस्पेक्टेड देखिएको र ४५ जनाले औषधि लिनुपर्ने देखिएको शहरी स्वास्थ्य केन्द्र पोखरा ५ का आशिक सुवेदीले जानकारी दिए ।

वडावासीको हितमा हुने यस्ता कार्यक्रलाई निरन्तरता दिने प्रतिवद्धता शिविर संयोजक तथा वडा सदस्य कल्पना भुवाजी क्षेत्रीले बताइन् ।

स्वस्थ वडाको रुपमा विकास गर्न वडा अगाडी बढिरहेको संयोजक क्षेत्रीले बताइन् । शिविरलाई स्वास्थ्य महाशाखा महानगर प्रमुखसहितको टोलीले अनुगमन गरेको थियो ।

# म्याग्दीका जङ्गलमा वन्यजन्तुको चोरी सिकार बढ्दो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ मंसिर**

म्याग्दीका लेकाली जङ्गलबाट वन्यजन्तुको चोरी सिकारी बढेको छ । जिल्लाको गौश्वारा, सानालेख, गुर्जा, लुलाङ, मुदी क्षेत्र नजिकैका जङ्गलमा वन्यजन्तुको चोरी सिकारी बढेको हो ।

उच्च लेकाली भेगमा दिनहुँ चोरी सिकार भइरहेको स्थानीयवासी नारायण सापकोटा बताउनुहुन्छ। वन्यजन्तुको सिकार गर्न बन्दुक, भाला र खुकुरी लिएर दिनहुँ सिकारी जङ्गल जाने गरेको उहाँ जानकारी दिनुहुन्छ । जिल्लाका लेकाली भेगमा जङ्गल बाक्लिएसँगै वन्यजन्तु बस्ती तथा झाडीतिर आउने भएकाले सिकारीले कालिज, बँदेल, मृग, घोरल, जरायो, रतुवालगायत वन्यजन्तुको सिकार गरी सुकुटी बनाएर स्थानीय बजारमा बिक्री गर्ने गरेका छन् । सिकार खेल्न स्थानीयवासी आफ्नो छुट्टै समूह बनाइ एक/दुई हप्तासम्म जङ्गलमै बस्ने गरेको लुलाङका जसवीर विक बताउनुहुन्छ ।

हिउँदको समयमा वन्यजन्तुको शिकार गर्न सजिलो हुने भएकाले उनीहरू मौका छोपी जङ्गल जान थालेको स्थानीयवासीको भनाइ छ । यस्तै कतिपय सिकारीले कुकुरसमेत प्रयोग गरेर मृगको सिकार गर्दै आएका पाइएको छ। सिकारीले मारेका वन्यजन्तुको मासु तथा सुकुटी सदरमुकाम बेनीलगायत काठमाडौं र पोखरामा बिक्री वितरण हुने गरेको स्थानीयवासीको आरोप छ । खुलेआम वन्यजन्तुको चोरी सिकारी हुँदासमेत सम्बन्धित निकायले त्यसको रोकथाम गर्न नसकेको उनीहरूको गुनासो छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार संरक्षित पक्षी तथा वन्यजन्तुको सिकार गर्नेलाई पाँच वर्षदेखि १५ वर्षसम्म कैद र रु ५० हजारदेखि रु एक लाखसम्म जरिमाना हुनसक्ने कानुनी प्रावधान छ ।

# गण्डकीमा हृदयरोग उपचार केन्द्र

**पोखरापत्र संवाददाता**
**गण्डकी, २८ मंसिर**



गण्डकी मेडिकल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिसर्च सेन्टरले पोखरामा हृदयरोग उपचार केन्द्र सञ्चालनमा ल्याएको छ ।

उच्चस्तरीय उपकरणद्वारा आधुनिक सघन उपचार कक्ष( सिसियु) मा राखी बिरामीको उपचार गर्न थालिएको सेन्टरका अध्यक्ष खुमाप्रसाद अर्यालले जानकारी दिनुभयो । दूर दराजका बिरामीको मुटु सम्बन्धी रोगको उपचारका लागि काठमाडौं धाउनुपर्ने बाध्यता न्युनीकरण गर्ने उद्देश्यले उक्त केन्द्र सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो ।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले बुधबार उक्त केन्द्र शुभारम्भ गर्दै यसबाट पोखरा र आसपासका मुटुका रोगी लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो ।

स्वास्थ्य सेवालाई सहज र सुलभ बनाउने विषय सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै उहाँले स्वास्थ्य सेवाका क्षेत्रमा निजी क्षेत्रले गरेको योगदान प्रशंसनीय भएको बताउनुभयो । कलेजका प्राचार्य प्रा.डा.रविन्द्र श्रेष्ठले ३०० शयूयाबाट विभिन्न रोगको विशेषज्ञ सेवा सहित उपचार गर्दै आइएकामा सुधार गर्दै हाल ५५० शयूयामा पुऱ्याइएको जानकारी दिनुभयो । उक्त अस्पतालबाट दैनिक ७०० देखि ८०० सेवाग्राहीले बहिरङ्गबाट सेवा लिइरहेको र अन्तरङ्ग विभागमा २५० देखि ३५० विरामीको उपचार हुँदै आएको छ ।

# कोरोना विरुद्ध करिब ५० लाख मात्रा खोप मौज्दात

**रासस**
**काठमाडौं, २८ मंसिर**

कोरोना भाइरस विरुद्धको खोप करिब ५० लाख मात्रा मौज्दात रहेको छ । कोरोना भाइरसको सङ्क्रमण घट्दै गएपछि खोपको माग पनि कम भएकाले मौज्दात रहन गएको हो ।

स्वास्थ्य सेवा विभाग आपूर्ति व्यवस्थापन शाखा प्रमुख डा सुरेन्द्र चौरसियाका अनुसार हाल ४९ लाख २१ हजार छ सय ३२ मात्रा खोप मौज्दात छ। उहाँले अहिले सङ्क्रमण घटिरहेकोले माग नहुँदा खोपको मौज्दात रहेको जानकारी दिनुभयो । सबैभन्दा बढी भेरोसेल खोप मौज्दात छ । भेरोसेल ४३ लाख ६६ हजार एक सय ६६ मात्रा मौज्दात छ भने फाइजर ६० हजार सात सय ५६, र फाइजर (बालबालिका)लाई लगाउने चार लाख ९४ हजार सात सय १० मात्रा मौज्दात छ । सबैभन्दा बढी केन्द्रीय भण्डारण केन्द्र टेकुमा ४० लाख मात्रा भेरोसेल मौज्दात छ । प्रदेश नं १ मा पाँच हजार तीन सय ७३, मधेश प्रदेशमा ४७ हजार आठ सय ९०, बाग्मती प्रदेशमामा पाँच लाख ५४ हजार नौ सय ६९, हेटौंडामा एक लाख ३५ हजार तीन सय ९८ मात्रा खोप मौज्दात छ ।

गण्डकी प्रदेशमा सात हजार छ सय ९६, लुम्बिनी प्रदेशमा एक लाख ११ हजार छ, कर्णाली प्रदेशमा ५० हजार पाँच सय ४६ र सुदूरपश्चिम प्रदेशमा आठ हजार सात सय ५४ मात्रा खोप मौज्दात छ । शाखा प्रमुख डा चौरसियाले माग भएमा प्रदेश र जिल्लामा खोप आपूर्ति गरिने जानकारी दिनुभयो ।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. 0६१-४३२२४२, ९८४६0६८८0६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# डेभिजफल्स ड्राइभिङ स्कुलद्वारा नवनिर्वाचित गण्डकी प्रदेश सभा सदस्य बराललाई बधाइ तथा सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ मंसिर**

डेभिज फल्स ड्राइभिङ स्कुल एण्ड प्रिटेष्ट प्रालिले कास्की क्षेत्र नम्बर ३ ख बाट बिजयी प्रकाश बराललाई बधाइ तथा सम्मान गरेको छ । ड्राइभिङ स्कुलका सल्लाहकार समेत रहेका बराललाई आज एक कार्यक्रमका बीच सम्मान गरिएको हो । कार्यक्रममा प्रमुख अतिथि नन्द प्रसाद आचार्य, ड्राइभिङका कानुनी सल्लाहकार खगराज आचार्ज, ड्राइभिङ स्कुलका अध्यक्ष तुल बहादुर ठकुरी लगायतले अबिर, खादा र सम्मान पत्र सहित सम्मान गर्नुभएको थियो ।



सो अवसरमा वोल्दै कार्यक्रमका प्रमुख अतिथि नन्द प्रसाद आचार्यले जनताको मतको कदर गरी समग्र गण्डकी प्रदेशको बिकास निर्माणमा अगाडि बढ्न नव निर्वाचित सांसद बराललाई आग्रह गर्नुभयो । त्यस्तै सम्मानित ब्याक्तित्व कास्की क्षेत्र नम्बर ३ ख का बिजयी सांसद प्रकाश बरालले आफुहरु प्रदेशको निती निर्माणको तहमा पुगेपनि निति निर्माण संगै आफ्नो निर्वाचन क्षेत्रको समग्र बिकासको पक्षमा लाग्ने वताउनुभयो । आफ्नो निर्वाचन क्षेत्र पोखरा महानगरपलिकाको वडा नम्बर ५ देखि कास्कीको माछापुच्छ्रे हिमालको फेदी सम्म पर्ने भएकाले निर्वाचनका बेला जनताको घरमा पुगेर दिएको आश्वसनलाई ब्यवहारमा लागु गर्ने र अहिले निर्वाचित भएर बधाइ थाप्ने र अवको पांच बर्ष जनताले सम्मान गर्ने गरी काम गर्ने वताउनुभयो ।

अहिले गाउका दुर दराजमा सडक, खानेपानी जस्ता बिकासका कामहरु भइरहेको भएतापनि अझैपनि नितिगत रुपमा समग्र क्षेत्रको बिकास हुन नसक्दा जनताले जहा तही समस्या झेल्नुपरेको आफुले नजिकबाट नियालेका आगामी ५ वर्षमा नितिगत रुपमै जनताले सुख अनुभुति हुने गरी काम गरेर देखाउने उहाँको भनाइ रहेको थियो ।

कानुनी सल्लाहकार खगराज आचार्यले जनताको सामु गरेका बाचालाई पुरा गर्ने गरी र राजनैतिक स्वार्थभन्दा माथी रहेर कास्की क्षेत्र नम्बर ३ को जनताको पक्षमा काम गर्न आग्रह गर्नुभयो ।

सो अवसरमा वोल्दै डेभिजफल्स ड्राइभिङ स्कुल तथा प्रिटेस्ट सेन्टरका अध्यक्ष तुल बहादुर ठकुरीले नव निर्वाचित प्रदेश सभा सदस्य प्रकाश वरालको उज्जवल भविष्यको कामना गर्दै जनताको सुख दुखमा हातमा हात साथमा साथ दिएर काम गर्न आग्रह गर्नुभयो । ड्राइभिङ स्कुलका सचिव दिपेन्द्र बहादुर आचार्यले सञ्चालन गर्नुभएको कार्यक्रममा तीर्थराज आचार्यले स्वागत मन्तब्य राख्नुभएको थियो ।

# जेष्ठ नागरीक केन्द्रलाई सराङ्गकोट सहकारीको सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ मंसिर**

सराङ्गकोट बहुउद्देशयीय सहकारी संस्थाको १६ औं वार्षिक उत्सवको अवसरमा राम मन्दिर जेष्ठ नागरीक दिवा सेवा केन्द्रलाई सहयोग गरेको छ ।



सस्थाले यस वर्ष वार्षिक उत्सवको अवसरमा त्रिदीवसीय कार्यक्रम अर्न्तगत स्वास्थ्य सेवा, विधार्थीहरुलाई न्यानो कपडा र जेष्ठ नागरीक केन्द्र गगनगौंडालाई भौतिक सामाग्री वितरण गरीएको संस्थाको उपाध्यक्ष वसन्त बहादुर बाँनियाले बताए ।

संस्थाले स्थापनादेखि समुदाय केन्द्रित रेडियो सराङ्गकोटको प्रसारण, आर्थिक कारोबार मार्फत ७० करोडको कुल कारोबार मार्फत बचत तथा ऋण सङ्गै सदस्यहरु केन्द्रित सामाजिक उत्तरदायित्वका रचनात्मक क्रियाकलापहरु गर्दै आएको अध्यक्ष कृष्ण बहादुर थापाले बताए । राममन्दिर जेष्ठ नागरिक सेवा केन्द्रका अध्यक्ष, सस्थाका सल्लाहाकार अर्जुन बहादुर बस्नेतको सभापत्तित्वमा भएको कार्यक्रममा, संस्थाको सचिव कुल प्रसाद सुवेदी, कोषाध्यक्ष राममणि पौडेल, सह सचिव माया कुमारी शर्मा, सल्लाहाकार इन्द्रकमल मानन्धर, संचालक सदस्य आरती श्रेष्ठ, महिला समिति सदस्य राधिका थापा, व्यवस्थापक सुरेन्द्र थापा, रेडियोका व्यवस्थापक योगेन्द्र श्रेष्ठ लगाएतले संस्थागत भनाई राखेका थिए ।

# आँधीखोलामा छाडियो माछाका भुरा

**पोखरापत्र संवाददाता**
**वालिङ, २८ मंसिर**

स्याङ्जाको गल्याङ नगरपालिका-३ स्थित आँधीखोलामा माछाका भुरा छाडिएको छ । कालीगण्डकी ए जलविद्युत् परियोजनाले गल्याङस्थित बुटवल पावर कम्पनीको बाँधस्थलमा दुई लाख ८० हजार माछाका भुरा छाडेको हो ।

परियोजनाले बर्सेनि कालीगण्डकीको जलाशय तथा आँधीखोलामा माछाका भुराहरू छाड्दै आएको कालीगण्डकी ए जलविद्युत् परियोजना मिर्मीका प्रमुख पशुपतिराज गौतमले बताउनुभयो । "वातावरणीय सन्तुलन कायम राख्न र माछा मारेरै जीविकोपार्जन गर्दै आएको माझी समुदायलाई लक्षित गरी बर्सेनि कालीगण्डकी तथा आँधीखोलामा माछाका भुराहरू छाड्दै आएका छौँ", उहाँले भन्नुभयो, "विगतका वर्षमा विभिन्न प्रजातिका आठ लाख माछाका भुरा छाड्थ्यौँ, यसपटक दश लाख माछाका भुरा छाड्छौँ ।" कालीगण्डकीको जलाशय मिर्मीमा चार लाख, आँधीखोलाको जलाशय गल्याङमा दुई लाख ८० हजार माछाका भुरा छाडिएको उहाँले बताउनुभयो । केही दिनमा आँधीखोलाको माथिल्लो तटीय क्षेत्रहरू आँधीखोला गाउँपालिका र वालिङ नगरपालिकासँग समन्वय गरेर माछाका भुरा छाड्ने तयारी भएको छ । "तीन वर्ष अघिसम्म राष्ट्रिय कृषि अनुसन्धान परिषद् (नार्क) बाट माछाका भुरा उत्पादन गरेर छाड्ने गर्थ्यौं", उहाँले भन्नुभयो, "विगत तीन वर्षदेखि परियोजना आफैँले स्थानीय जातका माछाका भुरा उत्पादन गरी बर्सेनि कालीगण्डकी र आँधीखोलामा छाड्दै आएको छ ।"

परियोजनाले आँधीखोलामा स्थानीय जातका गर्दी ८० हजार, हाडे एक लाख, ठेड एक लाख गरी कूल दुई लाख ८० हजार माछाका भुरा छाडेको हो । सोही परियोजनाले अन्य स्थानमा गर्दी, हाडे, ठेड, असला, शहर, कत्ले लगायतका १२ प्रजातिका माछाका भुराउत्पादन गर्ने र जलाशयभन्दा माथिल्लो भागमा छाड्ने बताएको छ । नदीको तल्लो भागमा भएका माछा बाँध नाघेर माथिल्लो भागमा आउन नसक्ने भएकाले बाँध नाघेर तल गएका माछा उतै हराउने हुँदा माथिल्लो भागमा माछाहरु लोप हुन नदिन भुरा छाड्ने गरिएको उहाँले बताउनुभयो । "कालीगण्डकीको बाँधस्थल र बुटवल पावर कम्पनीको बाँधस्थलभन्दा माथि बर्सेनि माछाका भुरा उत्पादन गरी छाड्छौँ", उहाँले भन्नुभयो, "माझी जातिको जीविकोपार्जनमा सहयोग पुऱ्याउने र पेशा लोप हुन नदिने तथा नदीको वातावरणीय सन्तुलन कायम राख्नु यसको उद्देश्य हो ।"

कालीगण्डकीरआँधीखोलामाछाडेर भुराहरु बाँकी रहेमा मध्यमर्स्याङ्दीको जलाशयमा पनि छाडिने उहाँले बताउनुभयो । आँधीखोलामा स्थानीय जातका माछाहरु लोप हुँदै गइरहेकाले माछाको संरक्षणमा यसले महत्वपूर्ण टेवा पुग्ने विश्वास गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईको छ । माछा मारेर जीविकोपार्जन गर्ने समुदायको पेशा नै हराउन लागिरहेको अवस्थामा आँधीखोलामा माछाका भुराहरु छाडेर वातावरणीय सन्तुलनसँगै आम्दानीको स्रोतका रूपमा विकास हुने बताउनुभयो ।

# तनहुँको कृष्ण मोटरमार्ग १० दिन बन्द

**पोखरापत्र संवाददाता**
**तनहुँ, २८ मंसिर**

जिल्लाको घिरिङ गाउँपालिकाअन्तर्गत कृष्ण मोटरमार्गमा १० दिनका लागि सवारी आवागमनमा बन्द गरिएको छ । आगामी पुस १ देखि १० गतेसम्म सवारीसाधन आवागमन बन्द गरिएको सो गाउँपालिका कार्यालयले जनाएको छ । सो गाउँपालिकाको खिलाबाट गाउँपालिका कार्यालयसम्मको सडकखण्डमा कालोपत्र कार्य भइरहेकाले यातायात बन्द गर्नुपरेको गाउँपालिकाका अधिकृत ध्रुवराज लामिछानेले जानकारी दिनुभयो ।

सो अवधिसम्म वैकल्पिक बाटो प्रयोग गरिदिनसमेत यातायात व्यवसायीलाई अनुरोध गरेको उहाँले बताउनुभयो । "सडक कालोपत्रको समयमा सवारी आवतजावतमा समस्या हुने भएकाले बन्द गरेर काम गर्न लागेको हौँ", उहाँले भन्नुभयो, "यसबाट पर्न गएको असुविधाप्रति गाउँपालिका कार्यालय क्षमाप्रार्थी छ ।"

# पूर्ण स्मृति सम्मान तथा पुरस्कारका लागि छनौट समिति गठन

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ मंसिर**

तनहुँ मिडिया नेटवर्क प्रालिद्धारा सञ्चालित शुक्लागण्डकी एफ.एम. ९७.६ मेगाहर्जका अध्यक्ष पूर्ण कुमार श्रेष्ठको स्मृतिमा स्थापित पूर्ण स्मृति शुक्लागण्डकी एफ.एम. सम्मान तथा पुरस्कारका लागि छनौट समिति चयन गरिएको छ ।

रेडियोका अध्यक्ष ज्योती श्रेष्ठको अध्यक्षतामा सोमवार सम्पन्न कार्य समिति बैठकले पूर्व अध्यक्ष नारायण कुमार श्रेष्ठको संयोजकत्वमा ३ सदस्यीय छनोट समिति गठन गरेको हो । समिति सदस्यहरुमा रेडियोका अध्यक्ष ज्योती श्रेष्ठ, टिकाराम श्रेष्ठ र आनन्द सुन्दर श्रेष्ठ रहेका छन् ।

रेडियोका शेयरधनी सदस्य, शुभेच्छुकबाट स्वतस्फूर्त र केहि रकम उहाँको परिवारबाट जम्मा गरि ३ लाख रुपैयाको अक्षयकोष स्थापना गरिएको हो । सोहि रकमको ब्याजबाट प्राप्त आम्दानीले ३ विधामा क्रियाशिल व्यक्तिहरुलाई वार्षिक रुपमा नगदसहित पहिलो पटक आगामी पुष ४ गते पुरस्कृत गर्न लागिएको हो । रेडियोको सातौं वार्षिक साधारणसभा एवम् पाँचौ अधिवेशनको अवसरमा आयोजना हुने विशेष कार्यक्रममा प्रदेशभा सदस्य श्यामराजा महतले सम्मान गर्ने कार्यक्रम रहेको सचिव ऋषेश्वर भुवाई ऋतुले जानकारी दिए । पत्रकारिता र साहित्यतर्फ पुरस्कारको राशी नगद १०/१० हजार, प्रमाण पत्र र पूर्ण स्मृति सामाजिक सेवा पुरस्कार तथा सम्मानतर्फ नगद ५ हजार र प्रमाणपत्र रहेको छ । पत्रकारिता, साहित्य र समाजसेवाका क्षेत्रमा क्रियाशिल व्यक्तिलाई सम्मान गरिने छ । तनहुँ जिल्ला भित्र क्रियाशिल रहेका मध्य एक जना उत्कृष्ट पत्रकारिता क्षेत्रमा लागेका व्यक्ति, तनहुँ जिल्लामा साहित्यिक क्षेत्रमा सक्रिय रहेका व्यक्ति र शुक्लागण्डकी नगर क्षेत्रमा सामाजिक क्षेत्रमा सक्रिय व्यक्ति गरि तीन विधामा सम्मान गरिने पूर्व अध्यक्ष नारायण कुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार खोजमुलक पत्रकारितामा कलम चलाउने पत्रकारलाई प्राथमिकता दिईने छ । स्व. श्रेष्ठ सञ्चार व्यवसायसँगै, समाजसेवा र साहित्य क्षेत्रमा समेत सक्रिय रहेकाले ३ विधा छनौट गरिएको हो । रेडियोको स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका पूर्णको २०७८ जेठ १२ गते हृदयघातका कारण ४८ वर्षको उमेरमा निधन भएको थियो । यसैबीच रेडियोको साधारणसभा सम्पन्न गर्न टिकाराम श्रेष्ठको संयोजकत्वमा शिव गर्तौला, सुरेन्द्र पौडेल र राजन उपाध्याय सदस्य रहेको व्यवस्थापन समिति गठन गरिएको छ ।


## अन्नपूर्ण बहुप्राविधिक शिक्षालय स्थापनाको लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

गण्डकी प्रदेश, कास्की जिल्ला, अन्नपूर्ण गाउँपालिका वडा नं. ३ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, अन्नपूर्ण बहुप्राविधिक शिक्षालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्नपूर्ण बहुप्राविधिक शिक्षालय<br>प्रस्तावकको ठेगाना : ढिकुरपोखरी-३, कास्की<br>फोन नम्बर : +९७७-६१-४१४११७<br>ई मेल : ctevtappi@gmail.com |
| प्रस्तावको व्यहोरा | अन्नपूर्ण बहुप्राविधिक शिक्षालय स्थापना |
| प्रभाव पर्नसक्ने जिल्ला न.पा/गा.पा र वार्डहरु | गण्डकी प्रदेश, कास्की जिल्ला, अन्नपूर्ण गाउँपालिका वडा नं. ३ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के-कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको गाउँपालिका कार्यालय, वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना: | प्रस्तावक नाम : प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्नपूर्ण बहुप्राविधिक शिक्षालय<br>प्रस्तावकको ठेगाना : ढिकुरपोखरी-३, कास्की<br>फोन नम्बर : +९७७-६१-४१४११७<br>ई मेल : ctevtappi@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना: | नाम : इन्भाईरोनमेन्ट एंड इन्जिनियरिङ रिसर्च सेन्टर प्रा.लि<br>ठेगाना : कोटेश्वर-३५, काठमाडौं<br>फोन नम्बर : ९८४१५२५२५६<br>ईमेल : eerc2016@gmail.com |



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि. स. १९८६/०१/०५ गते

स्वर्गारोहण : वि. स. २०७९/०८/१७ गते

**स्वः सुमित्रा सुनार**

पोखरा महानगरपालिका वडा नं. १३ बाँझापाटन मिलनमार्ग टोल विकास समितिका सक्रिय उपाध्यक्ष रामलाल सुनार/लक्ष्मी सुनार हाम्रा शुभचिन्तक बुद्धि सुनार, बोधमाया सुनारका आमा सासुआमा अत्यन्त सरल नम्र स्वभाव भएकी **सुमित्रा सुनार** को ९४ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणबाट हामी सम्पूर्ण टोलवासीहरु अत्यान्तै मर्माहत र स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि बैकुन्ठवासको कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं ।

सम्झना कार्की
अध्यक्ष तथा
**बाँझापाटन मिलन मार्ग महिला समूह**

रामराज सिग्देल
अध्यक्ष तथा
**बाँझापाटन मिलन मार्ग टोल विकास समिति**

पोखरा महानगरपालिका-१३, बाँझापाटन